सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

बैठक संख्याः १३ - ०७७/७८ मितिः २०७७/१०/२७

<u>प्रस्तावहरु:</u>

प्रस्ताव नं. १: गाउँपालिका जोड्ने सडक आयोजना छनौट सम्बन्धमा ।

प्रस्ताव नं. २: प्रधानमन्त्री रोजगार कार्यक्रम छनौट सम्बन्धमा ।

प्रस्ताव नं. ३: आयोजना सम्झौता म्याद सम्बन्धमा ।

प्रस्ताव नं. ४: पर्यटन विकास कार्यक्रम छनौट सम्बन्धमा ।

प्रस्ताव नं. ५: लक्षित वर्गको बजेट सम्बन्धमा ।

प्रस्ताव नं. ६: साना सिंचाई र टनेल वितरण सम्बन्धमा ।

प्रस्ताव नं. ७: जनता आवास कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ८: धन्यवाद दिने सम्बन्धमा ।

प्रस्ताव नं. ९: गाउँसभा तयारी सम्बन्धमा ।

प्रस्ताव नं. १०: नदी जन्य पदार्थको रोयल्टी सम्बन्धमा ।

प्रस्ताव नं. ११: विस्थापितको आवास सम्बन्धमा ।

प्रस्ताव नं. १२: सव व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. १३: कर्मचारी खाजा तथा कार्यक्रम खर्च मापदण्ड सम्बन्धमा ।

प्रस्ताव नं. १४: कार्यक्रम संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. १५: कभर्डहल व्यवस्था सम्बन्धमा ।

प्रस्ताव नं. १६: माझी वस्तीको आवास प्लास्टर सम्बन्धमा ।

प्रस्ताव नं. १७: वातावरण सम्बन्धी विधेयक स्वीकृती सम्बन्धमा ।

प्रस्ताव नं. १८: हस्पिटलको जग्गाको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. १९: विविध सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा लुम्दी खोला देखि नादेवा – गाउँपालिका केन्द्र – अस्पताल हुँदै प्रहरी चौकीसम्म जोड्ने सडक आयोजना छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्राप्त सबै योजनाहरुलाई कार्यान्वयनमा लैजाने र ती योजनाहरुका लागि आवश्यक पर्ने निर्माण सामग्रीहरुको व्यवस्था गर्न प्रत्येक वडालाई रु. १,००,०००/- उपयुक्त शीर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा उपभोक्ता समितिबाट संचालन गरिने योजनाहरुको सम्झौता २०७७ साल फागुन मसान्त भित्र गरिसक्ने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा पर्यटन विकासको लागि प्राप्त रकम सत्यवती मन्दिरको विकास निर्माणमा खर्च गर्ने र अन्य पर्यटन क्षेत्रको विकासमा स्रोतको व्यवस्था गरि विकास निर्माण कार्यलाई अगाडि बढाउने निर्णय गरियो ।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा लक्षित वर्गको लागि छुट्याइएको रकमबाट दलित लक्षित कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: (साना सिंचाई र टनेल वितरण) कार्यक्रम संचालनको लागि आर्थिक विकास समितिले विनियोजन गरेको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७: सत्यवती गाउँपालिका, वडा नं. ४ निवासी दिपक वि.क. र विष्णु वि.क. को घर मिति २०७६/०४/०७ को भिषण वर्षाको कारण पूर्ण क्षति भई पाल्पा जनता आवास कार्यक्रमबाट रकम लिई निर्माण भइरहेकोमा घर भित्रैबाट भास्सिएकोले उक्त ठाउँमा घर निर्माण गर्न सक्ने अवस्था नभएकोले उक्त घर निर्माणमा खर्च भएको रकम मिनाहा गरी योजना फरफारकको लागि पाल्पा जनता आवास कार्यालयमा सिफारीस गर्ने निर्णय गरियो ।

निर्णय नं. ८: गुल्मी यु. के. समाज द्वारा उपलब्ध गराइएको रु. १५,००,०००/- बाट धन बहादुर वि.क., टंक वि.क. र रुद्र वि.क. को विपदबाट क्षति भएको घर निर्माण गरीदिई सहयोग पुर्याएकोमा उक्त समाजलाई गाउँपालिकाको तर्फबाट धन्यवाद दिने निर्णय गरियो । साथै गुल्मेली समाज, जापानद्वारा उपलब्ध गराईएको रु. १०,००,०००/-

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्ग, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

बाट सत्यवती गाउँपालिका-३ बस्ने निम कुमारी सिंजाली र कृष्ण वि.क. को विपदबाट क्षति भएको घर निर्माण गरिदिई सहयोग पुर्याएकोमा उक्त समाजलाई गाउँपालिकाको तर्फबाट धन्यवाद दिने निर्णय गरियो ।

निर्णय नं. ९: बाँकी प्रस्तावहरु समय अभावका कारण आगामी बैठकमा छलफल गर्नेगरी आजको बैठक यही समापन गर्ने निर्णय गरियो ।